# Soaltee Hotel Limited

★ ★ ★ ★ ★

## आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासिक अवधिको प्रतिवेदन

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित**

**अनुसूची – १४**

सोल्टी होटल लिमिटेडको २०८१ आश्विन मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदनः

### १. वित्तीय विवरण

(क) आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण :–
कम्पनीको आर्थिक वर्ष २०८१/८२ को ३० सेप्टेम्बर २०२४ (१६ जुलाई २०२४ देखि ३० सेप्टेम्बर २०२४ सम्म) मा समाप्त प्रथम त्रैमासिक अवधिको बैधानिक लेखापरीक्षण हुनु पूर्वका (अन्तिम लेखापरीक्षण हुन बांकी) तुलनात्मक वित्तीय विवरणहरु अनुसूची १ मा प्रस्तुत गरिएको छ ।
प्रथम त्रैमासिक समीक्षा अवधिमा सम्बन्धित पक्षहरु बीच होटेलको नियमित व्यावसायिक कारोवार बाहेक अन्य कुनै कारोबार नभएको ।

(ख) आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासिक अवधि, (३० सेप्टेम्बर २०२४) मा समाप्त भएको अवधिको (लेखापरीक्षण नभएको) प्रमुख वित्तीय अनुपातहरु :–

| विवरण | प्रथम त्रैमासिक अवधिको अन्त्यमा (३० सेप्टेम्बर २०२४) (लेखापरीक्षण नभएको) | अघिल्लो त्रैमासिक अवधिको अन्त्यमा (१५ जुलाई २०२४) (लेखापरीक्षण भएको) | गत बर्षको प्रथम त्रैमासिक अवधिको अन्त्यमा (३० सेप्टेम्बर २०२३) (लेखापरीक्षण नभएको) |
|---|---|---|---|
| प्रमुख वित्तीय सूचांकहरुः | | | |
| ऋण पूंजीको अनुपात | ०.०१ | ०.०१ | ०.०१ |
| शेयरधनीको शेयर पूंजी कोषको प्रतिफल | ०.०५ | ०.२५ | ०.०५ |
| प्रति शेयर आम्दानी (रु.) | १.३० | ६.४६ | १.१६ |
| प्रति शेयर नेटवर्थ (रु.) | २६.७२ | २५.४८ | २४.९७ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु.) | ३४.२१ | ३३.९२ | ३१.६३ |
| प्रति शेयर बजार मूल्य (रु. १०/– प्रति शेयर) (रु.) | ५४१.०० | ४४२.०० | ३९३.०० |
| प्राईस अर्निङ्ग रेसियो (टाईम्स) | ४१४.९५ | ६८.४३ | ३३९.७४ |
| चालु अनुपात | १.०८ | १.०७ | १.२४ |

### २. व्यवस्थापकीय विश्लेषण

(क) आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासिकको समीक्षा अवधि २०८१ श्रावण, भाद्र तथा आश्विन तीन महिना होटेलको पर्यटकीय व्यावसायिक गतिबिधि तथा क्रियाकलापहरुमा महत्वपूर्ण रुपमा अभिबृद्धि हुँदै गएको छ । नेपालमा अन्तर्राष्ट्रिय पर्यटक आगमनको संख्यामा महत्वपूर्ण अभिबृद्धि भएको पर्यटक आगमनको तथ्यांकले देखाएको छ । प्रथम त्रैमासिक अवधिमा अन्त्य भएको आर्थिक वर्ष २०८१/८२ मा पर्यटक आगमन नेपाल पर्यटन बोर्डको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८१/८२ को प्रथम तीन महिनामा हवाईमार्गबाट मात्रै लगभग ३ लाख ५८ हजार १७ विदेशी पर्यटकहरुले नेपाल भ्रमण गरेका छन् ।
नेपाल भ्रमणमा आउने पर्यटकहरु मध्ये भारतीय पर्यटकहरुको पहिलो स्थान रहेको छ भने चिनियाँ पर्यटकहरुको संख्यामा पनि उल्लेख्य अभिबृद्धि हुँदै गएको तथ्यांक छ । संयुक्त राष्ट्र संघ विश्व पर्यटन संगठनको नवीनतम् सेप्टेम्बर २०२४ को प्रकाशित प्रतिवेदन विश्व पर्यटन ब्यारोमिटरले अन्तर्राष्ट्रिय पर्यटन आगमन वर्ष सन् २०२४ को जुलाई सम्ममा अन्तर्राष्ट्रिय पर्यटन आगमन पूर्व–महामारीको अवस्थामा पुग्न युरोप तथा अमेरिका क्रमशः ९९ प्रतिशत र ९७ प्रतिशत तथा एशिया तथा प्यशिफिक देशहरुमा लगभग ८२ प्रतिशत सम्म रिकभरी भएको अवस्था जनाएको छ । विश्व पर्यटन ब्यारोमिटरले वर्ष सन् २०२४ को अन्त्य सम्म पूर्णतः पूर्व–महामारीको लयमा फर्किने विश्लेषण गरेको छ ।
विश्वमा अन्तर्राष्ट्रिय पर्यटन यात्राको लागि पर्यटन गन्तव्य स्थलहरुको ठुलो माग रहेको परिप्रेक्षमा ठुला अर्थतन्त्र भएका मुलुकहरुबाट विश्वका अन्य आकर्षक पर्यटन गन्तव्यहरुमा पर्यटनका पर्यटक अतिथी यात्रामा निस्कने प्रवृत्ति उत्कर्षमा पुगेकोछ ।
विश्व बैंकको जुन २०२४ को पर्यटन वाच प्रतिवेदनले विश्व पर्यटनको आर्थिक सूचकहरुले सन् २०२३ मा बलियो अभिबृद्धि भई सन् २०२४ मा सो अभिबृद्धिले निरन्तर अग्रगति लिने तथ्यांकले देखाएको छ ।
पर्यटनको भविश्यको परिदृश्य उल्लेख गरेको सम्बन्धमा विश्लेषण गर्दा अन्तर्राष्ट्रिय पर्यटनले सन् २०२४ मा कोभिड महामारी पूर्वको अवस्थामा फिर्ता हुँदै विश्व पर्यटकीय गतिविधिहरुलाई पूर्णतः पुर्नस्थापित गर्ने तर्फ उन्मुख रहेको छ । आगामी समयमा विशेष गरी एशिया र प्रशान्त क्षेत्रका पर्यटन गन्तव्य बजारहरुमा पर्यटनको मागमा तिब्र अभिबृद्धि हुने अपेक्षा गरिएको छ ।
कम्पनीको होटेल तथा अन्तर्राष्ट्रिय एयरलाइन्सहरुका उडानहरुमा इन्फ्लाईट क्याटरिङ सेवा प्रदान गर्ने दी सोल्टी गेट गुरमेटको व्यावसायीक गतिविधिहरुबाट प्राप्त कुल आम्दानी अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा कार्यसम्पादनमा अभिबृद्धि भएको छ ।

(ख) आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासिक समीक्षा अवधिको अन्त्य अर्थात ३० सेप्टेम्बर २०२४ सम्मका लेखापरीक्षण नभएका अपरिष्कृत आर्थिक (वित्तीय) विवरणहरु अनुसार अघिल्लो आर्थिक वर्ष २०८०/८१ को सोही अवधि अर्थात ३० सेप्टेम्बर २०२३ संग तुलनात्मक रुपले विश्लेषण गर्दा कम्पनीको कुल आयआर्जनमा लगभग ५ प्रतिशतले अभिबृद्धि भएको छ । चालु आर्थिक वर्ष २०८१/८२ को समीक्षा प्रथम त्रैमासिक अवधि (१६ जुलाई २०२४ देखि ३० सेप्टेम्बर २०२४) सम्मका लेखापरीक्षण नभएका अपरिष्कृत आर्थिक (वित्तीय) विवरणहरुको कार्यसम्पादनका सूचांकहरुलाई विश्लेषण गर्दा होटेलका कार्यसम्पादनका तथ्यांकहरुले अभिबृद्धिका साथ सन्तोषजनक प्रगति औंल्याएको छ ।
समीक्षा प्रथम त्रैमासिक अवधिमा कम्पनीको कार्य सम्पादन, होटेल संचालन तथा व्यवस्थापन सम्बन्धी गतिविधिहरु कुशलतापूर्वक, व्यावसायीक रणनीतिक कार्ययोजना अनुसार संचालित र व्यवस्थापित रहे । कम्पनीको व्यवस्थापनले जस्तोसुकै प्रतिकूल परिस्थितिमा पनि सुदृढताका साथ कार्यकुशलता तथा व्यवस्थापकीय कौशलता प्रदर्शन गर्ने, व्यवस्थापकीय कार्यसम्पादनमा निपूर्णता, व्यावसायीक कार्यदक्षता तथा सुझबुझका साथ कार्यक्षमता प्रदर्शन गर्ने सबल व्यवस्थापनको कार्यदिशा र व्यवसायीक कुलश कर्पोरेट संस्कार निरन्तर जारी रह्यो । कम्पनीको उच्च व्यावस्थापन, सम्पूर्ण कर्मचारीहरुको पूर्ण सहयोग, समर्थन र व्यवसायिक परिपक्वता प्रदर्शन कायमै रह्यो ।
समीक्षा त्रैमासिक अवधिमा कम्पनीका व्यावसायिक खर्चहरुमा पूर्णतः मितव्ययीता अपनाईयो । अनावश्यक तथा तत्कालका लागि आवश्यक नभएका व्यावसायिक खर्चहरुमा कटौति गर्ने, शसक्त आन्तरिक तथा विश्वबजार व्यवस्थापन, सुदृढ उच्च व्यावस्थापन तथा होटल व्यवस्थापनका सबै आयामहरुलाई चुस्त तथा दुरुस्त पारिएको छ तथा यो कार्य तथा प्रयास निरन्तर जारी रहनेछ । कम्पनीले होटेल व्यवस्थापनका लागि आवश्यक सबै व्यावसायीक तथा रणनीतिक कार्यहरुलाई आगामी दिनहरुमा पनि निरन्तरता दिनेछ ।

(ग) कम्पनीको व्यवस्थापकीय कार्यकुशलता तथा प्रतिकुल परिस्थितिमा काम गर्न सक्ने कार्यकौशलता रणनीतिक कार्यक्षमता र व्यवस्थापकीय सुझबुझका साथ व्यावसायीक कार्यसम्पादन गर्ने कार्यदक्षताका कारण कम्पनीको मौज्दात, कार्यशील पूंजी र तरलताको अवस्था राम्रो अवस्थामा रहेका छन् ।

(घ) चालु आर्थिक वर्ष २०८१/८२ को आगामी दोश्रो त्रैमासिक अवधिमा कम्पनीको व्यावसायिक गतिविधिहरुको सन्दर्भमा विश्व पर्यटनका गतिविधिहरुमा समेत उल्लेख्य रुपमा अभिबृद्धि भई विश्वको अन्तर्राष्ट्रिय पर्यटक आवागमनमा महत्वपूर्ण अभिबृद्धि भईरहेको तथा विश्वको अन्तर्राष्ट्रिय वायुसेवा प्रदायक एयरलाइन्सहरुका अन्तर्राष्ट्रिय व्यवसायीक उडानहरु नियमित रुपमा संचालित रहेको परिप्रेक्ष्यमा नेपालको पर्यटन बजार पनि लाभान्वित हुने अपेक्षा गरिएको छ ।
आर्थिक वर्ष २०८१/८२ को आगामी दोश्रो त्रैमासिक अवधिमा कम्पनीको व्यावसायिक गतिविधिहरुमा कम्पनीले कुल आय बृद्धि गर्नका लागि अपनाउनु पर्ने सबै व्यावसायीक रणनीतिक संयन्त्रहरुको समुचित सदुपयोग गर्दै होटेलको अक्यूपेन्सी बढाउने, उपलब्ध अत्याधुनिक प्रविधिका साधनहरुको प्रयोग लगायतका सबै उपायहरु अबलम्बन गरी आम्दानी अभिबृद्धि गर्नेछ भने होटेल संचालन लागतमा मितव्ययीता, नियन्त्रणात्मक कार्य योजना अनावश्यक खर्च कटौतिलाई जारी राख्दै विविध बजारखण्डमा बजारिकरण निर्धारित रणनीति अनुसार सूक्ष्म प्रवेश गर्दै आफ्ना व्यावसायिक गतिविधिहरु कुशलतापूर्वक संचालन गर्ने नीति जारी राख्नेछ ।

(ङ) समीक्षा अवधिमा सबै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई सेवा प्रदायक एयरलाइन्सहरुका अन्तर्राष्ट्रिय हवाई उडानका गतिबिधिहरु नियमित रुपमा संचालनमा रहेकाले होटेलमा पर्यटक आगमनको अवस्था संतोषजनक रह्यो । प्रितिभोज तथा विवाह समारोहहरु (बैंक्वेट) खण्डका गतिविधिहरु निरन्तर आयोजित भए । आगामी त्रैमासिक अवधिमा पनि सोही अनुसार पर्यटन बजार बिस्तार तथा विश्व पर्यटन बजारका विभिन्न खण्डहरुमा होटेलको पहुच सुनिश्चित गर्दै होटेलका व्यवसायिक गतिविधिहरु जारी रहनेछन् ।
कम्पनीले समीक्षा प्रथम त्रैमासिक अवधिमा व्यवस्थापकीय कार्यकुशलता सहित अधिकतम मितव्ययीता अपनाउदै व्यवसायमा आईपर्ने र कुनै पनि प्रतिकुल परिस्थितिहरुबाट पर्नसक्ने प्रभावलाई अधिकतम रुपमा न्यूनीकरण गर्दै कुशल व्यवस्थापकीय रणनीतिका साथ व्यवसायको सुक्ष्म व्यवस्थापनमा होटेल संचालन तथा व्यवस्थापन गर्ने नीतिलाई कठोरताका साथ पालना गरेकोछ ।
साथै, आगामी त्रैमासिक अवधिमा पनि वर्तमानमा अंगीकार गरेको स्थापित व्यवसायिक नीति तथा रणनीतिहरुलाई कायम राख्दै सापेक्षरुपमा आगामी त्रैमासिक अवधिको होटेलको आम्दानी अभिबृद्धि गर्ने, खर्चहरुमा अपेक्षित मितव्ययीता अपनाउने जस्ता नियन्त्रणात्मक रुपमा व्यावसायिक गतिबिधिहरु कडाइ तथा दृढताका साथ लागु गर्दै शसक्त व्यवस्थापकीय कार्यकुशलता तथा कार्यदक्षताका साथ कम्पनीको व्यावसायिक क्रियाकलापहरु संचालन तथा व्यवस्थापनमा पूर्णतः ध्यान केन्द्रित गर्नेछ ।

### ३. कानुनी कारवाही सम्बन्धी विवरण

(क) आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासिक अवधिमा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।
(ख) आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासिक अवधिमा कम्पनीका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।
(ग) आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासिक अवधिमा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

### ४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

(क) शेयरको कारोबारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादित गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेकोछ । शेयरको कारोबार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।
(ख) कम्पनीको आर्थिक वर्ष २०८१/८२ को आश्विन मसान्त २०८१ मा अन्त्य भएको प्रथम त्रैमासिक अवधिमा प्रति शेयर रु. १०/– का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोवार संख्या देहाय बमोजिम रहेको छः–

| त्रैमासिक आ.व. २०८१/८२ (२०२४/२५) | शेयरको कारोबार – मूल्य (रु.) | | | कूल शेयरको कारोबार – दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कूल दिन | कारोबार संख्या | कूल कारोबार शेयर संख्या |
| प्रथम त्रैमासिक (२०८१ आश्विन मसान्त) | ६३६.५० | ४४०.०० | ५४१.०० | ५७ | ३७,२२४ | ११,५२०,२९० |

## ५. समस्या तथा चुनौती

(क) समस्याहरु तथा चुनौतीहरुः

आन्तरिक

(१) यस कम्पनीमा आन्तरिक समस्या नरहेको ।

बाह्यः

(१) विश्वव्यापी रुपमा फैलिने स्वास्थ्य सम्बन्धी संक्रामक रोगहरु (भाईरस) बाट पर्ने व्यावसायीक प्रतिकुलताहरु ।
(२) अप्रत्याशितरुपमा घटने पर्यटन प्रतिकूलताका राष्ट्रिय र अन्तर्राष्ट्रिय घटनाहरुको प्रभाव ।
(३) देशमा पर्यटन सम्बन्धी पर्याप्त भौतिक पूर्वाधारहरुको विकासको कमीबाट पर्ने नकारात्मक प्रभाव ।
(४) पर्यटकहरुको सुरक्षा, देशको आर्थिक र राजनैतिक अवस्था तथा सम्बन्धित बजार मुलुकहरुबाट जारी गरिने यात्रा प्रतिकूलता सम्बन्धी निर्देशनहरुबाट पर्ने प्रभावहरु ।
(५) विदेशी विनिमय दर (अमेरिकी डलर र यूरो) मा हुने अप्रत्याशित परिवर्तन ।
(६) उर्जा, बिद्युत, इन्धन तथा तत्सम्बन्धी औद्यौगिक पदार्थमा हुने अप्रत्याशित उच्च मूल्य वृद्धि तथा उपभोग्य पदार्थको मूल्यबृद्धि र श्रम समस्याहरुबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरु ।
(७) नयाँ होटेलहरुको संचालन पश्चात देखापरेको र पर्न सक्ने बढ्दो होटेल कोठा आपूर्ति तथा पर्यटन बजारको मागमा आएको उच्च असन्तुलनबाट व्यवसायमा पर्न सक्ने प्रभाव ।
(८) पर्यटन उद्योगमा देखापर्ने औद्योगिक अशान्ति, अप्रत्याशित रुपमा हुने बन्द हडताल, आन्तरिक पर्यटन प्रवर्द्धनको कमी तथा सर्वसुलभ पर्यटकीय सार्वजनिक यातायातको अभाव तथा अन्तर्राष्ट्रिय हवाई सिट क्षमतामा न्युनताबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरु ।
(९) देशमा अचानक आइपर्ने असहज परिस्थितिहरु, प्राकृतिक तथा दैवी विपद् तथा प्रकोपहरुको प्रभाव ।

(ख) रणनीति

प्राकृतिक विपद तथा महामारी जस्तो दैवी प्रकोपको कारण निम्तिन सक्ने अप्रत्याशित तथा अनिश्चित प्रतिकुल परिस्थितिबाट बचाउन वा रोकथामको लागि सरकारबाट जारी गरिने आवश्यक वैधानिक प्रतिबन्धात्मक उपायहरुबाट पर्यटनमा पर्ने प्रतिकुल परिस्थितिहरुमा पनि बैधानिकपूर्ण अनुपालनाहरुका साथ होटेल संचालन सम्बन्धी व्यावसायीक गतिविधिहरु संचालन गर्दै होटेलका पूर्वाधार संरचना र सुविधाहरुलाई पूर्ण क्रियाशिल राख्ने कार्यकुशलताका रणनीतिक कार्ययोजनाको तर्जुमा गर्ने ।

संचालन खर्च घटाउनको लागि अपनाउनु पर्ने सबै व्यवसायीक रणनीतिक, नीतिगत तथा व्यवसायीक कार्यकुशलतालाई पूर्ण क्षमतामा प्रयोग गर्दै कम्पनीका सबै संयन्त्रहरुको समुचित सदुपयोग गरी होटेलको संचालन तथा व्यवस्थापन न्यूनतम खर्चमा गर्ने, कर्मचारी तथा सोसंग सम्बन्धित खर्चको मितव्ययीता गर्ने लगायत अन्य अनावश्यक खर्चहरुलाई समेत कटौति गर्ने र होटेललाई प्रतिकुल परिस्थितिमा पनि अनुकुल वातावरण बनाई आय आर्जनमा अभिबृद्धि गर्ने कार्ययोजनालाई उच्च प्राथमिकता दिईएको छ ।

## ६. संस्थागत सुशासन

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापन द्वारा चालिएका कदम सम्बन्धी विवरण

(क) कम्पनीको लेखापरीक्षण समितिले स्वतन्त्र आन्तरिक तथा वाह्य लेखा तथा व्यवस्थापकीय प्रतिवेदनहरुको त्रैमासिक पुनरावलोकन एवं समीक्षा गर्दै आवश्यक सुझाव सहित प्रतिवेदनमा उल्लेखित सिफारिशहरुको परिपालना भए नभएको अनुगमन समेत गर्दछ । लेखापरीक्षण समितिले कम्पनीको संचालक समिति समक्ष नियमित रुपमा प्रतिवेदन पेश गर्ने गर्दछ र यस सम्बन्धमा कम्पनीको संचालक समितिले समेत आवश्यक निर्देशन दिने गर्दछ ।
(ख) कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली अन्तर्गत होटेलले आन्तरिक लेखापरीक्षण गर्ने गर्दछ ।
(ग) कम्पनीको आन्तरिक लेखापरीक्षण छुट्टै स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गरिन्छ जसले त्रैमासिक आन्तरिक लेखापरीक्षण प्रतिवेदन कम्पनीको लेखापरीक्षण समिति समक्ष पेश गर्ने गर्दछ ।
(घ) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम, विनियम र निर्देशनहरुको पूर्ण परिपालना सहित अन्य प्रचलित ऐन तथा कानून बमोजिम पुरा गर्नु पर्ने मापदण्डहरुको पूर्ण पालना गर्दछ ।

## ७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

---

अनुसूची १

# SOALTEE HOTEL LIMITED

## UNAUDITED FINANCIAL RESULTS

## AT THE END OF 30 SEPTEMBER 2024, THE FIRST QUARTER OF THE FISCAL YEAR 2081/082 (2024/25)

| PARTICULARS | Up to This Quarter ending on 30 September 2024 (Unaudited) | Up to Previous Quarter ending on 15 July 2024 (Audited) | Corresponding Previous year Quarter ending on 30 September 2023 (Unaudited) |
|---|---|---|---|
| **STATEMENT OF FINANCIAL POSITION AS AT 30 SEPTEMBER 2024** | | | |
| **ASSETS** | | | |
| **Non-Current Assets** | | | |
| Property, Plant and Equipment | 2,235,418,735 | 2,193,754,170 | 1,903,625,321 |
| Intangible Assets | 18,173 | 49,612 | 363,297 |
| Investment Property | 84,889,337 | 89,383,825 | 86,868,145 |
| Investments | 281,276,188 | 281,276,188 | 275,487,563 |
| Trade and Other Receivables | 43,410,012 | 22,899,490 | 35,826,796 |
| **Total Non-Current Assets** | **2,645,012,445** | **2,587,363,285** | **2,302,171,122** |
| **Current Assets** | | | |
| Inventories | 133,368,927 | 131,237,015 | 123,259,024 |
| Trade and Other Receivables | 281,436,997 | 307,900,732 | 285,408,079 |
| Prepayments | 5,219,948 | 22,968,794 | 16,996,023 |
| Cash and Cash Equivalent | 113,360,799 | 101,915,371 | 70,899,403 |
| **Total Current Assets** | **533,386,671** | **564,021,912** | **496,562,529** |
| **Total Assets** | **3,178,399,116** | **3,151,385,197** | **2,798,733,651** |
| **EQUITY AND LIABILITIES** | | | |
| **Equity and Reserves and Surplus** | | | |
| Share Capital | 928,953,700 | 928,953,700 | 884,715,060 |
| Retained Earnings and Reserves | 1,553,187,154 | 1,437,862,264 | 1,324,039,827 |
| **Total Equity** | **2,482,140,854** | **2,366,815,964** | **2,208,754,887** |
| **Liabilities** | | | |
| **Non-Current Liabilities** | | | |
| Loans and Borrowings | 6,237,611 | 6,636,303 | 7,583,254 |
| Employee Benefits | 121,795,625 | 125,414,473 | 125,218,513 |
| Deferred Tax Liabilities | 34,169,877 | 34,169,877 | 24,328,458 |
| Trade and other payables | 51,360,349 | 92,675,392 | 31,766,112 |
| **Total Non-Current Liabilities** | **213,563,462** | **258,896,045** | **188,896,337** |
| **Current Liabilities** | | | |
| Loans and Borrowings | 1,360,289 | 1,360,289 | 1,308,000 |
| Employee Benefits | 37,400,739 | 87,595,759 | 83,027,716 |
| IncomTax Payable | 33,716,150 | 5,826,327 | 30,396,391 |
| Trade and other payables | 410,217,622 | 430,890,813 | 286,350,320 |
| **Total Current Liabilities** | **482,694,800** | **525,673,188** | **401,082,427** |
| **Total Liabilities** | **696,258,262** | **784,569,233** | **589,978,764** |
| **Total Equity and Liabilities** | **3,178,399,116** | **3,151,385,197** | **2,798,733,651** |
| **STATEMENT OF PROFIT OR LOSS FOR THE PERIOD ENDED ON 30 SEPTEMBER 2024** | | | |
| Revenue | 514,383,325 | 2,498,418,467 | 399,699,641 |
| **Total Revenue** | **514,383,325** | **2,498,418,467** | **399,699,641** |
| Consumption of Food and Beverages | 87,217,744 | 405,153,476 | 69,770,445 |
| Employee Benefit Expenses | 119,469,307 | 563,383,728 | 88,192,442 |
| Operating Expenses | 73,602,703 | 303,460,367 | 55,039,845 |
| Depreciation and Amortization Expenses | 32,398,330 | 137,503,255 | 25,731,626 |
| Administrative & Other Expenses | 49,676,157 | 337,967,880 | 41,459,119 |
| **Total Expenses** | **362,364,241** | **1,747,468,706** | **280,193,477** |
| **Profit/(Loss) from Operation** | **152,019,084** | **750,949,761** | **119,506,164** |
| Finance Cost | 129,049 | 3,602,880 | 179,217 |
| **Profit/(Loss) Before Taxes** | **151,890,035** | **747,346,881** | **119,326,947** |
| Provision for Tax | 30,776,663 | 137,462,999 | 16,984,797 |
| Deferred Tax Expenses/(Income) | - | 9,841,419 | - |
| **Net Profit/(Loss) After Tax** | **121,113,372** | **600,042,463** | **102,342,150** |

**Note: The above Financial Statement presentation is subject to change at the time of Statutory Audit or changes made by the Regulatory Authority, if any.**